# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ३) काठमाडौँ, चैत्र २३ गते, २०७६ साल संख्याः ८


## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, - २०७६


मूल्य रु १०।

# गोकर्णेश्वर नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, - २०७६

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद - ३ को दफा - ११ को उपदफा - २ (ङ) मा भएको स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी कार्य गर्न गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि -नियमित गर्ने) ऐन, २०७५ को दफा -४ ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरपालिकाको चौथो नगर सभाको मिति २०७६।०३।१८ को बैठकको निर्णयले यो गोकर्णेश्वर नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०७६ स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

**(क)** यस कार्यविधिको नाम :गोकर्णेश्वर नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०७६ रहेको छ ।

**(ख)** यो कार्यविधि गाकर्णेश्वर नगरपालिका भरी लागू हुनेछ ।

**(ग)** यो कार्यविधि गोकर्णेश्वर नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागूहुनेछ ।

२) **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)** **"नगरपालिका"** भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्दछ ।

**(ख)** **"नगर कार्यपालिकाको कार्यालय"** भन्नाले गोकर्णेश्वर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

**(ग)** **"कर्मचारी कल्याण कोष"** भन्नाले साविक स्थानीय निकायमा स्थायी नियुक्ति भई यस नगरपालिकामा समायोजन भएका कर्मचारीहरुको सेवा निवृत्त हुँदा नियम

बमोजिम उपलब्ध गराइने सेवा सुविधा का लागि नगर सभाबाट र अन्य निकायबाट स्वीकृत गरी रकम जम्मा गरिएको कर्मचारी कल्याण कोषलाई जनाउँदछ ।

(घ) **"प्रमुख"** भन्नाले गोकर्णेश्वर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

(च) **"प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख"** भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रशासन, योजना तथा अनुगमन शाखाको प्रमुखलाई जनाउँदछ ।

(छ) **"आर्थिक प्रशासन शाखा प्रमुख"**भन्नाले गोकर्णेश्वर नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखलाई जनाउँदछ ।

**(ज)** **“कार्यविधि”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०७६ लाई जनाउँछ ।

**(झ)** **“कोष संचालक समिति”** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित समितिलाई बुझाउँछ ।

(ञ) **“कर्मचारी कल्याण कोषमा समेटिने कर्मचारी”** भन्नाले साविक स्थानीय निकायमा स्थायी नियुक्ति भई यस नगरपालिकामा यो कार्यविधि जारी हुँदा सम्म समायोजन भई कार्यरत कर्मचारीहरुलाई जनाउँछ ।

# परिच्छेद -२

## ३. कोष संचालक समिति सम्बन्धी व्यवस्थाः

१. कर्मचारी कल्याण कोषको संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको पदाधिकारी सम्मिलित एक समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) प्रशासन, योजना तथा अनुगमन शाखाको प्रमुख - सदस्य

ग) यस कार्यविधिको दफा ४ (१) मा उल्लेखित कर्मचारीहरु मध्ये बरिष्ठ कर्मचारी - सदस्य

घ) कानुन अधिकृत/कानुन सहजकर्ता - सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२. उपदफा १ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकारः-

क) कोषमा आर्थिक स्रोत जुटाउन पहल गर्ने,

ख) कोषमा जम्मा भएको रकमबाट नियम बमोजिम निवृत्त कर्मचारीलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।

ग) कोषको संचालन तथा व्यवस्थापन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

# परिच्छेद - ३

## ४ कोषको स्थापना र संचालन

१. कर्मचारी कल्याण कोषमा समेटिने कर्मचारीहरुः साविक स्थानीय निकायमा स्थायी नियुक्ति भई यस नगरपालिकामा यो कार्यविधि जारी हुँदा सम्म समायोजन भई कार्यरत कर्मचारीहरु मात्र यस कल्याण कोषमा समेटिने छन् ।

२. कर्मचारी कल्याण कोषको स्थापनाः -यस कार्यविधिको दफा ४ (१) मा उल्लेखित कर्मचारीहरु सेवा निवृत्त हुँदा सो बापत निजहरुलाई उपलब्ध गराइने सेवा सुविधाको

व्यवस्था गर्न स्थापना गरिने कर्मचारी कल्याण कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) कर्मचारी कल्याण कोषको लागि हाल सम्म छुट्याइएको रकम,

(ख) नगरपालिकाको सभा र कार्यपालिकाको निर्णयले विनियोजन हुने रकम ,

(ग) नेपाल सरकार तथा वागमती प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(घ) अन्य सरकारी निकायहरुबाट प्राप्त रकम,

(ङ) अन्य रकम ।

## ५. कोषको रकमको प्रयोग सम्बन्धी व्यवस्थाः

१. कोषमा जम्मा भएको रकम खर्च गर्ने विधिः साविक स्थानीय निकायमा स्थायी नियुक्ति भई यस नगरपालिकामा समायोजन भई कार्यरत कर्मचारीहरुसेवा निवृत्त हुँदा उपलब्ध गराइने सेवा सुविधाका सम्बन्धमा यस कोष संचालन गर्ने सम्बन्धी यस नगरपालिकाबाट स्वीकृत कानुन वा अन्य प्रचलित कानुनले

निर्धारण गरे बमोजिमको उपदान, विदा लगायत शिर्षकको रकम यस कार्यविधिको दफा३ बमोजिमको समितिको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयको निर्णयले यस कोषबाट खर्च गरिनेछ । तर सोही विषयमा अन्य निकायबाट सुविधा प्राप्त गर्ने कर्मचारीको हकमा भने दोहोरो पर्ने गरी सुविधा उपलब्ध गराइने छैन ।

२. सेवामा बहाल रहँदै कुनै कर्मचारीको मृत्यु भएमा निजले प्रचलित नियम बमोजिम पाउने सुविधा निजको परिवारलाई उपलब्ध गराइनेछ ।

तर माथि उल्लेखित सेवा निवृत्त कर्मचारीलाई भ्रष्टाचार गरेको कसुर लगायत प्रचलित कानुनले सेवा सुविधा उपलब्ध गराउन बन्देज लगाएको अवस्थामा निजलाई वा निजको परिवारलाई उक्त सेवा सुविधा उपलब्ध गराइने छैन ।

३. कर्मचारी कल्याण कोष खाता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको

प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

## परिच्छेद - ४

### ६. विविध

**१. संघीय तथा प्रदेश कानुन बमोजिम हुनेः-**

१) यस कार्यविधिमा उल्लेख नभएका तर संघीय तथा प्रदेश कानुनमा व्यवस्था गरिएका कुराहरु सोही कानुन बमोजिम हुनेछ ।

२) यस कार्यविधिमा उल्लेखित व्यवस्था संघ र वागमती प्रदेशको प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**२. बाधा अड्काउ फुकाउनेः-**

यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

## ३. खारेजी र बचाउः-

यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि यस नगरपालिकाको कर्मचारी कल्याण कोषको नाममा वा यस कार्यविधि अन्तर्गत हुनुपर्ने भनी उल्लेख भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

नगर सभाबाट स्वीकृत मितिः२०७६।३।१८
प्रमाणीकरण मितिः२०७६।३।२८
प्रकाशित मिति : २०७६।१२।२३

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत